# महाकाली नगरकार्यपालिकाको नगर बस संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७५/१२/०९

महाकाली नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावना**

नेपालको संविधानले स्थानीय तहलाई अनुसूचि ८ बमोजिम एकल अधिकार र अनुसूचि ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ५ को खण्ड (ग) मा स्थानीय यातायात सेवा संचालन सम्बन्धी नीति, योजना कार्यान्वयन, अनुगमन र नियमन गर्ने व्यवस्था भए बमोजिम महाकाली नगरपालिकाको यातायात सेवा संचालन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम महाकाली नगरपालिकाको नगर बस संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ महाकाली नगरपालिका, नगरकार्यपालिकाको बैठकबाट पारीत गरी जारी गरिएको छ ।

## परिच्छेद – १

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "महाकाली नगरपालिकाको नगर बस संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" रहको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति बाट लागु हुने छ ।

**२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले महाकाली नगरपालीका सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले महाकाली नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले नगरकार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले नगरकार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत संम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको महाकाली नगरपालीकाको नगर बस संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(झ) "बस" भन्नाले महाकाली नगरपालिकाबाट संचालन गरिएको नगर बस सम्झनु पर्छ ।

(ञ) "कार्यालय" भन्नाले महाकाली नगरपालिकाको नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(झ) "साझेदार संस्था" भन्नाले नगर बस संचालन गर्न कार्यपालिका संग सम्झौता गरी बस संचालन गर्ने निकाय सम्झनुपर्छ ।

२०७५/१२/२०

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद – २

**३. उद्देश्यः** यो कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ

१) नगरपालिका भित्र नगर बस संचालन गरी नागरिकहरुको आवागमनलाई सहज, सुलभ र व्यवस्थित तुल्याउने,

२) नगरपालिका क्षेत्र भित्रको यातायात सेवाको व्यवस्थापन, अनुगमन र निमयन गर्ने,

३) बस सेवा संचालनबाट रोजगारी श्रृजना गर्ने ।

**४. संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः** (१) नगर बस संचलन तथा व्यवस्थापन गर्न देहाय बमोजिम नगर बस संचालन तथा व्यवस्थापन समिति रहने छ ।

क) सुशासन तथा संस्थागत विकास समितिकको संयोजक — संयोजक

ख) कार्यपालिका सदस्य मध्ये नगर प्रमुखले तोकेको १ जना महिला सहित २ जना — सदस्य

ग) नगर बस संचालन हुने सम्बन्धित वडा अध्यक्षहरु — सदस्य

घ) उद्योग वाणिज्य संघको प्रतिनिध — सदस्य

ङ) योजना अनुगमन तथा प्रशासन शाखा प्रमुख — सदस्य–सचिव

२) समितिको बैठकमा यातायात व्यवसायी संस्थाहरुलाई आमन्त्रण गर्नु पर्ने छ ।

३) समितिको बैठक सामान्य महिनाको एक पटक बस्नेछ तर आवश्यक भएमा सो भन्दा बढी समेत बैठक बोलाउन सकिने छ ।

४) समितिको बैठकमा आवश्यकता अनुसार यातायात सम्बन्धी बिज्ञ तथा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

५) समितिको बैठक संयोजकको निर्देशनानुसार सदस्य–सचिवले बोलाउनेछ ।

६) समितिको बैठक भत्ता नगरपालिकाको बैठक संचालन कार्यविधि २०७४ मा तोकिए बमोजिम हुनेछ ।

७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

2074/12/20

प्रमुख प्रशासकीय अधिकृत

**५. बस संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** १) नगर बस संचालन प्रक्रिया तथा मापदण्ड निर्धारण गर्ने ।

२) नगर बस संचालन क्षेत्र र समय निर्धारण गर्ने ।

३) संचालित नगर बस सेवाको अनुगमन गरी पृष्ठपोषण गर्ने र समिति प्राप्त सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने ।

४) नगर बस संचालन गर्न आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।

५) नगर बस सेवाको बस भाडा निर्धारण गर्न मापदण्ड तयार गर्ने र सोको आधारमा बस भाडा निर्धारण रगी स्वीकृतिको लागि नगरकार्यपालिकामा सिफारिस गर्ने ।

६) नगर बस संचालनको लागि अन्य आवश्यक व्यवस्था गर्ने ।

**६. नगर बस संचालन प्रक्रिया सम्बन्धी व्यवस्था :** १) महाकाली नगरपालिका आफैले नगर बस संचालन गर्नु परेमा देहाय बमोजिमको संचालन प्रक्रिया अप्नाउनु पर्ने छ ।

क) बस सेवा संचालन गर्न आवश्यक पर्ने जनशक्ति समितिले निर्धारण गर्ने छ ।

ख) बस संचालन गर्न खण्ड (क) बमोजिम निर्धारण भएको जनशक्ति समितिले ज्यालादारीमा नियुक्त गर्न कार्यालयलाई सिफारिस गर्ने छ ।

ग) समितिको सिफारिस अनुसार कार्यालयले जनशक्ति ज्यालादारीमा नियुक्त गर्ने छ ।

घ) निर्धारित बस भाडा संकलन गर्न नगरपालिकाले तोकेको ढाँचामा टिकट रसिद नगरपालिकाले अभिलेख तयार गरी बस संचालक कर्मचारीहरुलाई उपलब्ध गराउने छ ।

ङ) बस संचालनमा आवश्यक पर्ने ईन्धन नगरपालिकाले व्यवस्थापन गर्ने छ ।

च) बस मर्मत सम्भार सम्बन्धी व्यवस्था नगरपालिकाले गर्ने छ ।

छ) नगरपालिकाले बस संचालन सम्बन्धी छुट्टै अभिलेख तयार गरी प्रत्येक महिना प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउनु पर्ने छ ।

२) सार्वजनिक निजी साझेदारी/ठेक्कामा बस सेवा संचालन गर्नु परेमा देहाय बमोजिमको प्रक्रिया अप्नाउनु पर्ने छ ।

क) नगरपालिका क्षेत्र भित्र बस सेवा संचालन गर्न सार्वजनिक खरिद ऐन, नियम अनुसार महाकाली नगरपापलिकाले बस खरीद गर्नु पर्ने छ ।

२०७४/१२/२०

प्रमुख प्रशासकीय अधिकृत

ख) सार्वजनिक निजी साझेदारी नीति/ठेक्कामा बस सेवा संचालन गराउन नगरपालिकाले आशय–पत्र सहित सार्वजनिक खरिद ऐन अनुसार सूचना प्रकाशित गर्ने छ ।

ग) नगरपालिकामा सार्वजनिक खरिद ऐन, नियमको प्रक्रिया बमोजिम आशय–पत्र मार्फत सार्वजनिक निजी साझेदार/ठेकेदार छनौट गरिने छ ।

घ) खण्ड (ग) बमोजिम छनौट भएको सार्वजनिक निजी साझेदार/ठेकेदारलाई बस संचालनको लागि कार्यालयले तोकेको ढाँचामा सम्झौता गरिनेछ ।

ङ) खण्ड (ग) बमोजिम छनौट भएको सार्वजनिक निजी साझेदार/ठेकेदारले बस संचालन गर्दा चालकको व्यवस्था नगरपालिकाले गर्ने छ ।

च) सार्वजनिक निजी साझेदार/ठेकेदारले बस सेवा संचालन गरे वापत सम्झौतामा उल्लेख भए बमोजिमको किस्ताबन्दी रकम पहिलो पटक ३ महिनाको किस्ता अग्रिम नगरपालिकामा बुझाउनु पर्ने र त्यस पछि प्रति महिना सम्झौतामा उल्लेखित किस्ताको रकम अग्रीम रुपमा नगरपालिकामा बुझाउनु पर्ने छ ।

छ) सार्वजनिक निजी साझेदार/ठेकेदार र नगरपालिका बीच भएको सम्झौतामा संशोधन गर्नु पर्ने भएमा समितिको सिफारिसमा दुवै पक्षको सहमतिले संशोधन गर्न सकिने छ ।

ज) सार्वजनिक निजी साझेदारी/ठेक्का अनुसार नगर बस सेवा संचालन गर्दा बसमा आवश्यक पर्ने ईन्धनको व्यवस्थापन र बस मर्मत सम्भार सम्बन्धी कार्य साझेदार/ठेकेदार स्वयम्ले गर्नु पर्ने छ ।

३) तेश्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत मासिक भाडामा बस सेवा संचालन गर्दा देहाय बमोजिम प्रक्रिया उप्नाउनु पर्ने छ ।

क) नगरपालिकाको बस सेवा तेश्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत मासिक भाडामा संचालन गर्न सकिने छ ।

ख) खण्ड (क) तेश्रो पक्ष सम्झौता गर्दा संस्थागत तथा व्यक्तिगत गर्न सकिने छ र तेश्रो पक्ष सम्झौता कार्यालयले तोकेको ढाँचामा गरिने छ ।

ग) तेश्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत भाडामा बस संचालन गर्न मासिक बस भाडा समितिले निर्धारण गरी नगर कार्यपालिकामा सिफारिस गर्नु पर्ने छ र नगर कार्यपालिकाबाट स्वीकृत भए बमोजिम हुने छ ।

घ) खण्ड (ग) बमोजिम निर्धारण गरिएको मासिक भाडा नगरपालिकालाई बुझाउने प्रक्रिया दुवै पक्ष बीच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुने छ ।

२०७८/१२/२०

प्रमुख प्रशासकीय अधिकृत

ङ) तेश्रो पक्ष सम्झौता (Third Party Agreement) बमोजिम बस सेवा संचालन गर्दा बस चालकको व्यवस्था नगरपालिकाले गर्ने छ ।

च) तेश्रो पक्ष सम्झौता (Third Party Agreement) बस सेवा संचालन गर्दा जनशक्ति बस संचालनको लागि आवश्यक ईन्धन व्यवस्थापन र बस मर्मत सम्भार गर्ने कार्य तेश्रो पक्ष Third Party स्वयम्ले गर्नु पर्ने छ ।

छ) तेश्रो पक्ष सम्झौता (Third Party Agreement) अनुसार बस संचालन गर्दा अन्य कुराको हकमा प्रचलित कानून बमोजि सम्झौता उल्लेख भए बमोजिम हुने छ ।

## परिच्छेद–३

**७. आर्थिक व्यवस्थापन** : बस सेवा संचालन सम्बन्धमा देहाय बमोजिम आर्थिक व्यवस्थापन गरिनेछ :

१) नगरपालिकाले बस संचालन प्रयोजनको लागि छुट्टै बैंक खाता खोली कोष व्यवस्थापन गर्नु पर्ने छ ।

२) उपदफा १ बमोजिम खडा भएको कोषमा देहाय बमोजिम रकम रहनेछ :

क) नगर बस संचालन तथा व्यवस्थापन गर्न नगरपालिकाबाट विनियोजन भएको रकम

ख) नगर बस संचालनबाट नगरपालिका प्राप्त आम्दानी

ग) दण्ड जरीवाना तथा अन्य आम्दानीहरु

घ) विविध रकम

३) नगरपालिकाले बस संचालन सम्बन्धी छुट्टै अभिलेख बनाई राख्नु पर्ने छ ।

४) उपदफा १ बमोजिमको खाता संचालन आर्थिक प्रशासन शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सयुक्त हस्ताक्षरबाट हुने छ ।

५) उपदफा १ बमोजिमको कोषको रकम खर्च गर्दा कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्यक्रम अनुसार हुने छ । साथै आकस्मीक खर्च व्यवस्थापन गर्नु पर्ने अवस्था श्रृजना भएमा समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय भए बमोजिम हुने छ ।

६) नगरपालिकाबाट संचालित बसको प्रचलित कानून बमोजिम वीमा गर्नु पर्ने छ । सो वीमा प्रक्रियाका लागि आवश्यक रकम उपदफा (१) अनुसार स्थापना भएको कोषबाट व्यहोरिने छ ।

२०७८/१२/२०

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद–४

**८.अनुगमन सुपरिवेक्षण तथा नियमन सम्बन्धी व्यवस्था:** १) बस सेवा संचालनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन देहाय बमोजिम अनुगमन समिति गठन गरिनेछ :

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगरपालिकाको कुनै अधिकृत कर्मचारी –संयोजक

ख) समितिले तोकेको ईन्जिनीयर –सदस्य

ग) राजश्व शाखा प्रमुख –सदस्य

२) अनुगमन समितिले बस सेवा संचालन प्रक्रियाको नियमित अनुगमन गर्नु पर्ने छ ।

३) अनुगमन समितिले अनुगमन सम्बन्धी कार्यका लागि कुनै सदस्य वा नगर कार्यपालिकाको कर्मचारी तोकी अनुगमन गराउन सक्ने छ ।

४) अनुगमन समितिले नगर बस संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धी चौमासिक तथा बार्षिक रुपमा सुझाव संहितको अनुगमन प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नु पर्ने छ ।

**९. संशोधन सम्बन्धी व्यवस्था :** कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्ने छ ।

## परिच्छेद–५

**१०. विविध**

१) सार्वजनिक निजी साझेदारी/ठेक्का/तेश्रो पक्ष सम्झौता बमोजिम बस सेवा संचालन गर्दा संचालकले बस सेवा संचालन गर्न नगरपालिकासँग गरेको सम्झौता विपरीत कार्य गरेमा वा प्रचलित कानून पालना नगरेमा जुन सुकै बखत नगर बस संचालन सम्झौता भङ्ग गर्न सकिनेछ ।

२) यस कार्यविधिमा उल्लेख भएको हद सम्म यसै कानून बमोजिम र यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुने छ ।

३) बस संचालनमा बाधा अडकाउ भएमा समितिको सिफारिसमा कार्यपालिकाले बाधा अडकाउ फुकाउनु पर्ने छ ।

२०७४/१२/२०

प्रमुख प्रशासकीय अधिकृत



६

कार्यपालिकाको मिति २०७५ चैत्र ९ गते बसेको बैठकबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम पारीत यो कार्यविधि महाकाली नगरपालिकाको निर्णय वा आदेश र अधिकारपत्र प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम (४) बमोजिम प्रमाणिकरण गर्दछु ।

२०७५/१२/२०

..............................

कमल बहादु थापा

प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरकार्यपालिकाको कार्यालय

खलंगा दार्चुला

मिति २०७५ चैत्र २० गते

८